# नेपालको संविधानलाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावना** : नेपालको संविधानलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संसदले यो संशोधन जारी गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस संशोधनको नाम "नेपालको संविधान (दोस्रो संशोधन), २०७७" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपालको संविधानको प्रस्तावनामा संशोधन**: नेपालको संविधानमा (यस पछि संविधान भनिएको) को प्रस्तावनामा रहेको " संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं ।" भन्ने बाक्यका सट्टा देहायको वाक्य राखिएको छ:

"प्रजातान्त्रिक विकेद्रियता र स्थानीय स्वायत्त शासन माथि आधारित एकात्मक लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौ ।"

३ . **संविधानको धारा १९ को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांशमा संशोधन**: धारा १९ को उपधारा (१) को प्रतिवन्धात्मक वाक्यमा रहेको "संघीय इकाई बीचको" भन्ने शब्दहरुको सट्टा "केन्द्र र स्थानीय तह बीचको" भन्ने शब्दहरु राखिएको छ ।

४. **धारा ४६क. थप**: संविधानमा धारा ४६ पछि देहायको ४६क.थपिएको छ :

**"४६क. स्वायत्त शासनको हक**: सबै नागरिकलाई स्वायत्त शासनको माध्यमबाट शासन प्रक्रियामा पूर्णरुपमा सम्मिलित हुने एवं विकेन्द्रीकरण र लोकतन्त्रका लाभहरुको उपभोग गर्ने हक हुनेछ । मानव विकास सूचांकका आधारमा सूचिकृत पिछडिएका जाति जनजातिहरुलाई स्थानीय रुपमा जातीय स्वायत्त शासन र राजनीतिक अग्राधिकारको हक हुनेछ । प्रत्येक १० वर्षमा हुने जनगणनाको आधारमा सूचांकमा आउने परिवर्तन अनुसार सूचिमा परिवर्तन गरिने छ । आदिवासी र जनजातिको सम्बन्धमा कुन जाति आदिवासी हो वा होइन त्यसबारे विस्तृत अध्ययनद्वारा वैज्ञानिक मापदण्डका आधारमा सूची तयार गरिनेछ ।"

५. **धारा ५१ को खण्ड (ख) को (६) मा संशोधन**: संविधानको धारा ५१ को खण्ड (ख) को (६) मा रहेको "संघीय इकाईहरुबीच" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह, प्रशासनिक प्रदेश र केन्द्रबीच" भन्ने शब्दहरु राखिएको छ ।

६. **धारा ५६ मा संशोधन**: धारा ५६ को,-

१) उपधारा (१) को सट्टा देहायको उपधारा (१) राखिएको छः-

"(१) लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना केन्द्र र स्थानीय तह गरी दुई तहको हुनेछ । स्थानीय स्वायक्त शासनको संरचना प्रशासनिक प्रदेश, जिल्ला र स्थानीय तह गरी तीन तहको हुने छ ।"

२) उपधारा (२) को सट्टा देहायको उपधारा (२) राखिएको छः-

"(२) नेपालको राज्य शक्तिको प्रयोग केन्द्र, प्रशासनिक प्रदेश, जिल्ला र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्ने छन् ।"

(३) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राखिएको छ,

"(४) स्थानीय तह अन्तरगत गाउँ पालिका, नगरपालिका र जिल्ला समिति रहने छन् । गाउँपालिका र नगरपालिकामा रहने वडाको संख्या  कानून बमोजिम हुनेछ ।"

(४) उपधारा (५) मा रहेको "संघीयता" शब्द हटाइएको छ ।

(५) उपधारा (६) को सट्टा देहायको उपधारा (६) राखिएको छः-

"(६) केन्द्र र स्थानीय तहले नेपालको स्वतन्त्रता सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रियहित, सर्वागीण विकास, वहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्तिपृथकीकरण र नियन्त्रण तथा, सन्तुलन वहुलता र समानतामा आधारित समतामुलक समाज, समावेशी प्रतिनीधित्व र पहिचानको संरक्षण गर्ने छन ।"

७. **धारा ५७ मा संशोधनः** धारा ५७ को,-

(१) उपधारा (१)को सट्टा देहायको उपधारा (१) राखिएको छः-

"(१) केन्द्रको अधिकार अनुसूची ५ मा उल्लिखित विषयमा निहित रहनेछ र यस्तो अधिकारको प्रयोग यो संविधान र कानून बमोजिम हुनेछ ।"

(२) उपधारा (२)को सट्टा देहायको उपधारा (२) राखिएको छः-

"(२) प्रशासनिक प्रदेश, केन्द्र अन्तरगतको प्रशासनिक इकाई हुनेछ र त्यसको अधिकारको प्रयोग यो संविधान र कानून वमोजिम हुनेछ ।"

(३) उपधारा (३) हटाइएको छ ।

(४) उपधारा (४) को सट्टा देहायको उपधारा (४) राखिएको छः-

"(४) अनुसूची - ८ मा उल्लेखित अधिकारहरु  यो संविधान र जिल्लासभा गाउंसभा वा नगरसभाले वनाएको कनून वमोजिम जिल्ला समिति, नगर वा गाउंपालिकामा विभाजित हुनेछ । "

(५) उपधारा (५) को सट्टा देहायको उपधारा (५) राखिएको छः-

"(५) केन्द्र र स्थानीय तहको साझा अधिकार अनुसूची ९ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान, जिल्ला सभा, गाउँसभा वा नगरसभाले बनाएको कानून बमोजिम हुनेछ ।"

(६)  उपधारा (६) को सट्टा देहायको उपधारा (६) राखिएको छः-

"(६) उपधाराा (५) वमोजिमको जिल्ला सभा, गाउँसभा वा नगरसभाले कानून वनाउँदा संविधानसँग नवाझिने गरी बनाउनु पर्ने छ । जिल्ला सभा, नगरसभा वा गाउँसभाले वनाएको त्यस्तो कानुन संविधानसँग बाझिएको हद सम्म अमान्य हुनेछ । स्थानीय स्वायत्त शासनका सबै काम कारवाही संसदले वनाएको कानून अनुसार सञ्चालन हुनेछ । स्थानीय स्वायत्त शासन अन्तरगतका प्रशासनिक प्रदेश, जिल्ला र स्थानीय तह तथा प्रशासनको कुनै तहको बीचमा कुनै विवाद उत्पन्न भएमा सम्बन्धित अदालतबाट त्यसबारे निर्णय गरिने छ ।"

(६)  उपधारा (७) को सट्टा देहायको उपधारा (७) राखिएको छः-

"(७) उपधारा (५) बमोजिम जिल्ला सभा, गाउँ सभा वा नगर सभाले कानून वनाउँदा संसदले वनाएको कानूनसंग नवाझिने गरी वनाउनु पर्ने छ र जिल्ला सभा, गाउँ सभा वा नगरसभाले वनाएको त्यस्तो कानून संसदबाट वनाएको कानूनसंग वाझिएको हद सम्म अमान्य हुनेछ ।"

८. **<u>धारा ५८ मा संशोधन</u>**: धारा ५८ को सट्टा देहायको धारा ५८ राखिएको छः-

५८. **<u>अवशिष्ट अधिकार</u>**: यस संविधान वमोजिम केन्द्र र स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा केन्द्रको अधिकार हुनेछ ।

९. **धारा ५९ मा संशोधन:** धारा ५९ को,-

(१) "उपधारा (१) मा रहेको "संघ, प्रदेश" भन्ने शब्दहरुको सट्टा "केन्द्र" भन्ने शब्द राखिएको छ । "

(२) उपधारा (२) मा रहेको "संघले" भन्ने शब्दको सट्टा "केन्द्रले" भन्ने शब्द राखी "प्रदेशलाई" भन्ने शब्द हटाइएको छ ।

(३) उपधारा (३) को सट्टा देहायको उपधारा (३) राखिएको छः-

"(३) केन्द्र र स्थानीय तहले आ-आफ्नो तहको बजेट वनाउने छन् र स्थानीय तहले बजेट पेश गर्ने समय कानून वमोजिम हुनेछ ।"

(४) उपधारा (४) मा रहेको "संघ, प्रदेश" भन्ने शब्दहरुको सट्टा "केन्द्र" भन्ने शब्द राखिएको छ ।

(५) उपधारा (५) मा रहेको "संघ, प्रदेश" भन्ने शब्दहरुको सट्टा "केन्द्र" भन्ने शब्द राखिएको छ ।

(६) उपधारा (६) मा रहेको "संघीय" भन्ने शब्द हटाइएको छ ।

(७) उपधारा (७) मा रहेको "संघ, प्रदेश" भन्ने शब्दहरुको सट्टा "केन्द्र" भन्ने शब्द राखिएको छ ।

१०. **<u>धारा ६० का सबै उपधाराहरुमा संशोधन</u>:** धारा ६० का सबै उपधाराहरुमा रहेका "संघ र प्रदेश" को सट्टा "केन्द्र" र सबै "संघीय" र "प्रदेश" शब्द हटाइएको छ ।

११. **<u>धारा ६० को उपदफा (५) मा संशोधन</u>:** धारा ६० को उपधारा (५) हटाइएको छ ।

१२. **<u>भाग ६ का सबै धाराहरुमा संशोधन</u>:** भाग ६ का सबै धाराहरुमा रहेका "संघीय" र "प्रदेश" भन्ने शब्दहरु हटाइएका छन् ।

१३. **<u>धारा ६२ मा संशोधन</u>:** धारा ६२ को,-

(१) "उपधारा (१) सट्टा देहायको उपधारा (१) राखिएको छ :"

"(१) राष्ट्रपतिको निर्वाचन संसदका दुबै सदनका सदस्य र जिल्ला सभाका सबै सदस्यहरु मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ । संसदका सदस्य र जिल्ला सभाका सदस्यको मतभार कानून बमोजिम फरक हुनेछ ।"

उपधारा (२) हटाइएको छ ।

१४. **<u>भाग ७ मा संशोधन</u>:** भाग ७ र यस अन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको "संघीय" शब्द हटाइएको छ ।

१५. **भाग ८ मा संशोधनः** भाग ८ र यस अन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको "संघीय" शब्द हटाइएको छ ।

१६. **धारा ८६ को उपधारा (२) को खण्ड (क) मा संशोधनः** धारा ८६ का उपधारा (२) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) प्रत्येक प्रदेश (प्रशासनिक इकाई) अन्तरगत नगरपालिका र गाउँपालिकाका प्रमुख, उपप्रमुख एवं अध्यक्ष र उपाध्यक्ष र जिल्ला सभाका सदस्यहरुको निर्वाचक मण्डलद्वारा कानून बमोजिम प्रदेश सभाका सदस्य, नगरपालिकाका प्रमुख र उपप्रमुखको तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षको मतको भार फरक हुनेछ ।"

१७. **भाग ९ मा संशोधनः** भाग ९ र यस अन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको "संघीय" शब्द हटाइएको छ ।

१८. **धारा १०९ मा संशोधनः** धारा १०९ मा रहेका "अनुसूची ५, ७ र ९" भन्ने शब्द र अंकहरु हटाइएको छ ।

१९. **भाग १० मा संशोधनः** भाग १० र यस अन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको "संघीय" शब्द हटाइएको छ ।

२०. **भाग ११ मा संशोधनः** भाग ११ र यस अन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको "संघीय" शब्द हटाइएको छ ।

२१. **धारा १३० को उपधारा (१) मा संशोधनः** धारा १३० को उपधारा (१) मा रहेको "संघीय" भन्ने शब्द हटाइएको छ ।

२२. **धारा १३७ को उपधारा (२) को खण्ड (क) र (ख) मा संशोधनः** धारा १३७ को उपधारा (२) को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छ,

(क) "केन्द्र र स्थानीय तह तथा स्थानीय तहहरु बीचको अधिकार क्षेत्रको बारेमा भएको विवाद सम्बन्धी,

(ख) संसदको अयोग्यता सम्बन्धी"

२३. **भाग १२ मा संशोधनः** भाग १२ र यस अन्तर्गतका सबै धारा र उपधारा समेतमा रहेको "संघीय" शब्द हटाइएको छ ।

२४. **भाग १३ मा संशोधनः** भाग १३ को सट्टा देहायको भाग १३ राखिएको छ ।

"**भाग १३**

**प्रदेश समन्वय समिति**

१६२. **प्रदेश समन्वय समितिः** (१) प्रदेश भित्रका जिल्लाहरुलाई समन्वय गर्नका लागि एक प्रदेश समन्वय समिति रहनेछ ।

(२) उपधारा (१) बमोजिमको प्रदेश समन्वय समिति जिल्ला सभाहरुबाट एक एक जना प्रतिनिधिहरु निर्वाचित भएर प्रदेश समन्वय समितिको गठन हुने छ ।

(३) उपधारा (२) बमोजिमको प्रदेश समन्वय समितिको प्रतिनिधिका लागि जिल्ला सभा भित्रका वा वाहिरका व्यक्तिहरु पनि उमेदवार बन्न सक्ने छन् ।

(४) उपधारा (२) बमोजिम जिल्ला सभाको प्रतिनिधि प्रदेश समन्वय समितिमा निर्वाचित भएमा जिल्लाको स्थान रिक्त हुने छ र उक्त रिक्त स्थानको लागि निर्वाचन हुने छ ।

(५) प्रदेश समन्वय समितिको काम, कर्तव्य र अधिकार कानून बमोजिम हुनेछ ।"

२५. **भाग १४ मा संशोधनः** भाग १४ र यस अन्तर्गतका सम्पूर्ण प्रावधानहरु हटाइएको छ ।

२६. **भाग १५ मा संशोधनः** भाग १५ र यस अन्तर्गतका सम्पूर्ण प्रावधानहरु हटाइएको छ ।

२७. **भाग १६ मा संशोधन**ः भाग १६ र यस अन्तर्गतका सम्पूर्ण प्रावधानहरु हटाइएको छ ।

२८. **भाग १७ मा संशोधनः** भाग १७ का सबै धारा उपधाराहरुका रहेको "संघीय" शब्द हटाउने ।

२९. **धारा २१४ को उपधारा (२) मा संशोधनः** धारा २१४ को उपधारा (२) मा रहेको "अनुसूची ९" भन्ने शब्द र अंक हटाइएको छ ।

३०. **धारा २२० मा संशोधन**ः धारा २२० को,-

(१) धारा २२० को शिर्षकमा रहेको "जिल्ला समन्वय समिति" हटाइएको छ ।

(२) धारा २२० का उपधारा (१) को सट्टा देहायको धारा (१) राखिएको छः-

"(१) "प्रत्येक जिल्लामा जिल्ला सभाको गठन हुनेछ ।"

(३) उपधारा (२) को सट्टा देहायको धारा (२) राखिएको छः-

"(२) गाउपालिका र नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरु, कार्यपालिकाका सदस्यहरु समेतको निर्वाचक मण्डलले निर्वाचित गरिएका प्रत्येक गाउंपालिका र नगरपालिकाबाट २/२ जना निर्वाचित भई आएका प्रतिनिधिहरुबाट जिल्ला सभाको गठन हुने छ । जिल्ला सभाले एकजना महिला, एकजना दलित र अन्यसूचिकृत जातिहरु मध्यबाट १ जना समेत गरी ३ जना जिल्ला सभामा मनोनित गर्नेछ ।"

(४) यस धारा अन्तर्गतका उपधाराहरुमा रहेका "समन्वय समिति" भन्ने शब्दहरुको सट्टा "सभा" भन्ने शब्द राखिएको छ ।

(५) उपधारा (३) को सट्टा देहायको उपधारा (३) राखिएको छः-

" (३) उपधारा (२) बमोजिम गठन भएको जिल्ला सभाबाट एकजना प्रमुख र एकजना उपप्रमुखको निर्वाचन गर्नेछ । "

३१. **भाग १८ मा संशोधनः** भाग १८ का सबै धारा र उपधाराहरुमा रहेको "संघीय" र "प्रदेश" भन्ने शब्दहरु हटाइएका छन् ।

३२. **धारा २२६ को उपधारा (१) मा संशोधनः** धारा २२६ को उपधारा (१) मा रहेको "अनुसूची ९" भन्ने शब्द र अंक हटाइएको छ ।

३३. **भाग १९ मा संशोधनः** भाग १९ का सबै धारा र उपधाराहरुमा रहेका "संघीय" र "प्रदेश" भन्ने शब्दहरु हटाइएका छन् ।

३४. **भाग २० मा संशोधनः** भाग २० र यस अन्तर्गतका सम्पूर्ण प्रावधानहरु हटाइएको छ ।

३५. **भाग २१ मा संशोधनः** भाग २१ का सबै धारा र उपधाराहरुमा रहेका “संघीय” भन्ने शब्द हटाइएका छन् ।

३६. **भाग २२ मा संशोधनः** भाग २२ का सबै धारा र उपधाराहरुमा रहेका “संघीय” भन्ने शब्द हटाइएका छन् ।

३७. **धारा २४१ को उपधारा (१) मा संशोधनः** धारा २४१ को उपधारा (१) मा रहेका, “प्रदेश सभा, प्रदेश सरकार” भन्ने हटाइएका छन् ।

३८. **भाग २३ मा संशोधनः** भाग २३ का सबै धारा र उपधाराहरुमा रहेका “संघीय” भन्ने शब्द हटाइएका छन् ।

३९. **धारा २४४ मा संशोधनः** धारा २४४ हटाइएको छ ।

४०. **भाग २४ मा संशोधनः** भाग २४ का सबै धारा र उपधाराहरुमा रहेका “संघीय” भन्ने शब्द हटाइएका छन् ।

४१. **धारा २४६ को उपधारा (१) मा संशोधनः** धारा २४६ को उपधारा (१) मा रहेका “प्रदेश सभाका सदस्य” भन्ने शब्दहरु हटाइएका छन् ।

४२. **धारा २४७ मा संशोधनः** धारा २४७ मा रहेको “प्रदेश सरकार” भन्ने शब्दहरु हटाइएका छन् ।

४३. **भाग २५ मा संशोधनः** भाग २५ का सबै धारा र उपधाराहरुमा रहेका “संघीय” भन्ने शब्द हटाइएको छ ।

४४. **भाग २६ मा संशोधनः** भाग २६ का सबै धारा र उपधाराहरुमा रहेका “संघीय” भन्ने शब्द हटाइएको छ ।

४५. **धारा २५१ मा संशोधनः** धारा २५१ को उपधारा (१) को,-

(१) खण्ड (क) मा रहेको “संघ, प्रदेश” भन्ने शब्दको सट्टा “केन्द्र” भन्ने शब्द राखिएको छ ।

(२) खण्ड (ख) मा रहेको “प्रदेश” भन्ने शब्द हटाइएको छ ।

(३) खण्ड (ग) मा रहेको “प्रदेश” भन्ने शब्द हटाइएको छ ।

(४) खण्ड (घ) हटाइएको छ ।

(५) खण्ड **(ङ)** मा रहेको “संघ, प्रदेश” भन्ने शब्दहरुको सट्टा “केन्द्र” भन्ने शब्द राखिएको छ ।

(६) खण्ड **(च)** मा रहेको “संघ, प्रदेश” भन्ने शब्दहरुको सट्टा “केन्द्र” भन्ने शब्द राखिएको छ ।

(७) खण्ड (छ) हटाइएको छ ।

(८) खण्ड (ज) मा रहेको “प्रदेश सरकार” भन्ने शब्दहरु हटाइएका छन् ।

(९) खण्ड (झ) मा रहेका “संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश” भन्ने शब्दहरुकासट्टा “केन्द्र” भन्ने शब्द राखिएको छ ।

४६. **भाग २७ मा संशोधनः** भाग २७ का सबै धारा र उपधाराहरुमा रहेका “संघीय” भन्ने शब्द हटाइएको छ ।

४७. **भाग २८ मा संशोधनः** भाग २८ का सबै धारा र उपधाराहरुमा रहेका "संघीय" भन्ने शब्द हटाइएको छ ।

४८. **भाग २९ मा संशोधनः** भाग २९ का सबै धारा र उपधाराहरुमा रहेका "संघीय" भन्ने शब्द हटाइएको छ ।

४९. **भाग ३० मा संशोधनः** भाग ३० का सबै धारा र उपधाराहरुमा रहेका "संघीय" भन्ने शब्द हटाइएको छ ।

५०. **धारा २७३ को उपधारा (२) मा संशोधनः** धारा २७३ को उपधारा (२) हटाइएको छ ।

५१. **भाग ३१ मा संशोधनः** भाग ३१ का सबै धारा र उपधाराहरुमा रहेका "संघीय" भन्ने शब्द हटाइएको छ ।

५२. **धारा २७४ को उपधारा (४), (५), (६) र (७) मा संशोधनः** धारा २७४ को उपधारा (४), (५), (६) र (७) हटाइएको छ ।

५३. **धारा २७४ को उपधारा (८) मा संशोधनः** धारा २७४ को उपधारा (८) मा रहेका "वा उपधारा ५ बमोजिम बहुसंख्यक प्रदेश सभाबाट स्वीकृत भई आएको" भन्ने शब्दहरु हटाइएको छ ।

५४. **भाग ३२ मा संशोधनः** भाग ३२ का सबै धारा र उपधारा समेतमा रहेको "संघीय" शब्द हटाइएको छ र "संघ" भन्ने शब्दको सट्टा "केन्द्र" भन्ने शब्द राखिएको छ ।

५५. **धारा २७८ उपधारा (२) र (३) मा संशोधनः** धारा २७८ को उपधारा (२) र (३) हटाइएको छ ।

५६. **भाग ३३ मा संशोधनः** भाग ३३ का सबै धारा र उपधाराहरुमा रहेका "संघीय" भन्ने शब्द हटाइएको छ ।

५७. **धारा २९५ को उपधारा (२) मा संशोधनः** धारा २९५ को उपधारा (२) हटाइएको छ ।

५८. **धारा २९६ को उपधारा (४) मा संशोधनः** धारा २९६ को उपधारा (४) हटाइएको छ ।

५९. **भाग ३४ मा संशोधनः** भाग ३४ का सबै धारा र उपधाराहरुमा रहेका "संघीय" भन्ने शब्द हटाइएको छ ।

६०. **धारा ३०६ को उपधारा (१) को खण्ड (च) मा संशोधनः** धारा ३०६ को उपधारा (१) को खण्ड (च) हटाइएको छ ।

६१. **धारा ३०६ को उपधारा (१) को,-**

(१) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) "केन्द्र" भन्नाले राज्यको संरचनाको सबै भन्दा माथिल्लो इकाईको रुपमा रहने केन्द्रिय तह सम्झनु पर्छ ।"

(२) खण्ड (ट) हटाइएको छ ।

६२. **अनुसूचीमा संशोधनः** अनुसूची ४, ५, ६, ७ र ९ हटाइएको छ ।